# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४७) काठमाडौं, फागुन १२ गते २०५४साल (अतिरिक्ताङ्क ६०

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय अर्थ मन्त्री श्री रवीन्द्रनाथ शर्मा औषधोपचारको सिलसिलामा २०५४ साल फागुन १३ गते भारततर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा प्रधानमन्त्रीको कार्यालयका माननीय मन्त्री श्री सर्वेन्द्रनाथ शुक्लले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री श्री रेवतीप्रसाद भूसाल सिंगापुरमा आयोजना हुने 'एशियन एरोस्पेस शो' मा भाग लिने सिलसिलामा २०५४ साल फागुन १३ गते त्यसतर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय उद्योग राज्यमन्त्री श्री पद्मनारायण चौधरीले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१२५९

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२५२